**नीति अनुसन्धान प्रतिष्ठान द्वारा प्रदान गरिएको "नीति सम्मान" ग्रहणको अवसरमा नेपाल विकास अनुसन्धान प्रतिष्ठानका अध्यक्ष डा. कृष्ण पहारीको**

**मन्तब्य**

सम्माननीय प्रतिनिधी सभाका सभामुख श्री देवराज घिमिरे ज्यू, नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा. डा. लेखनाथ शर्मा ज्यू लगायत अन्य पदाधिकारी हरू, र सम्पूर्ण उपस्थित महानुभावहरू!

सर्वप्रथम नीति अनुसन्धान प्रतिष्ठानले नेपालमा नीति अनुसन्धानमा कार्यरत उत्कृष्ट संस्थाहरूलाई पहिचान गरी पुरस्कृत गर्ने यस कार्य प्रशंसनिय छ। नेपालमा समग्र अनुसन्धान लाई प्रोत्साहन गर्दै तथ्य प्रमाणमा आधारित नीति निर्माणमा योगदान पुर्याउन यो सराहनीय कदम हो।

यस सन्दर्भमा PRI ले अपनाएको उत्कृष्ट स्तरको छनोट प्रक्रिया बाट हामी प्रभावित भएका छौं। सर्वप्रथम PRI ले आफ्नै प्रारम्भिक विश्लेषण पश्चात विभिन्न सम्भावित संस्थाहरूबाट थप विवरण हरू मागी अनुसन्धानमा उत्कृष्टता, प्रकाशन, नीतिगत अन्तरक्रिया तथा यसको प्रभाव समेतलाई मुल्यांकन गरी छनोट गर्ने प्रक्रिया अपनायो, जुन सराहनीय छ।

यस्तो सघन प्रक्रिया मार्फत हाम्रो संस्था "नीति सम्मान" बाट पुरस्कृत हुन पाएकोमा अत्यन्त खुशी छौं। हामीले विगतमा अन्य विभिन्न पुरस्कारहरू पनि प्राप्त गरेको थियौं, तर नेपाल सरकारको आधिकारिक शोच केन्द्र बाट यस प्रकारले सम्मानित हुनु हाम्रा लागी धैरै नै महत्व राख्दछ। यसले हामीलाई उत्कृष्ट अनुसन्धान गर्दै समाज रूपान्तरणमा योगदान पुर्याउन थप उर्जा प्रदान गर्दछ भन्ने ठानेका छौं।

अध्ययन, अनुसन्धान मार्फत प्राप्त तथ्य र निष्कर्षका आधारमा समाज रूपान्तरणमा सघाउन सकिन्छ भन्ने बिश्वासका साथ नेपाल विकास अनुसन्धान प्रतिष्ठान २०६० मा स्थापना भए देखि नै निरन्तर रूपमा विभिन्न विधाहरूमा नीतिगत रूपमा सघाउने प्रकृतिका कामहरू गर्दै आइरहेको छ।

PRI को स्थापना पछि आज सम्मका सबै कार्यकारी अध्यक्षहरुको नेतृत्वमा भएका विज्ञ समूहहरुसँग नेपाल विकास अनुसन्धान प्रतिष्ठानका विज्ञहरुले सहकार्य गर्ने अवसर पाएका छन्, जसको हामी हार्दिक सह्राहना गर्दछौं । त्यस्तै हाम्रो प्रतिष्ठानले आयोजना गरेका अनुसन्धान तथा नीतिगत विश्लेषणका विभिन्न कार्यक्रमहरूमा पनि PRI को सहभागिता रहदै आएकोमा हामी आभारी छौ। उदाहरणको लागि गत वर्ष NDRI ले आयोजना गरेको 'राष्ट्रको विकासमा मा थिङ्क ट्यांक हरूको भूमिका विषयक क्षेत्रीय अन्तरक्रिया, तथा NDRI ले आयोजना गर्दै आएको समसामयिक नीति मन्थनमा PRI का विज्ञको सहभागिता आदि। यस्तै गरी NDRI ले विगत केही वर्ष देखि अनुसन्धान र पैरवी गर्दै आएको सुर्तीजन्य पदार्थमा कर वृद्धिको सिफारिसलाई PRI ले अनुमोदन गर्दै थप तर्क र प्रमाण सहित प्रधानमन्त्रीको कार्यालयमा सिफारिस गरेको थियो, जसको परिणाम परिणाम स्वरुप सुर्तीजन्य पदार्थमा लाग्दै आएको अन्तशुल्कमा ४५ प्रतिशत सम्म वृद्धि भएको थियो ।

आगामी दिनहरूमा PRI संगको सहकार्य लाई अझ अगाडी बढाउने आसा गर्दै अन्तमा यस सम्मानको लागि NDRI को तर्फबाट पुन एक चोटी हार्दिक आभार व्यक्त गर्दछु।

काठमाडौ, २०८१ आश्विन १० गते, बिहिबार।